# निसीखोला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## देविस्थान, बागलुङ
गण्डकी प्रदेश, नेपाल

प.सं. २०७७/०७८
च.नं. ४४९

मिति : २०७७/०९/२२

विषय - जानकारी सम्बन्धमा ।

श्री वडा कार्यालय ७ वटै
निसीखोला गाउँपालिका

प्रस्तुत विषयमा घरेलु तथा साना उद्योग कार्यालयको प.सं. ०७७।०७८ च.नं. ४८३ मिति २०७७।०९।२१ गतेको प्राप्त पत्रानुसार आ.व. २०७७।०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार दलित, विपन्न तथा परम्परागत सिप भएका उद्यमीहरुको लागि व्यवसायिक विकासका लागि उपकरण तथा प्रविधि गर्न ईच्छुक व्यक्तिहरुका लागि प्रविधि (मेशिन उपकरण) हस्तान्तरण सम्बन्धी प्रस्ताव आह्वानको सुचना दोस्रो पटक प्रकाशित गरिएकोले बढी जनसम्पर्क हुने कार्यालयहरुमा प्रचार प्रसार र जानकारीको लागि सुचना टाँस गरिदिनु भनि लेखि आएकोले तहाँ वडा कार्यालयहरुमा पनि सुचना टाँस गरि आवश्यक कार्यान्वयन गरिदिनु हुन अनुरोध छ ।

इश्वरलाल शाक्य
प्रमुख प्रशासकीय अधिकृत

ईश्वर लाल शाक्य
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. ०६८-५२०१२३

प्रदेश सरकार
उद्योग,पर्यटन,वन तथा वातावरण मन्त्रालय
उद्योग,वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग कार्यालय

गण्डकी प्रदेश ,बागलुङ

श्री प्रशासन
आज्ञार्थ

पत्र संख्या : २०७७/०७८
च.नं. ४८३

मिति २०७७/०९/२१

विषय: सूचना टाँस गरिदिनु हुन ।

श्री जिल्ला स्थित स्थानीय तहहरु सबै,

यस कार्यालयको लागि चालु आ.व. २०७७।०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार दलित, विपन्न तथा परम्परागत सिप भएका उद्यमीहरुको लागि व्यवसायीक विकासका लागि उपकरण तथा प्रविधि प्राप्त गर्न ईच्छुक व्यक्तिहरुका लागि प्रविधि(मेशिन उपकरण) हस्तान्तरण सम्बन्धी प्रस्ताव आह्वानको सूचना दोस्रो पटक प्रकाशित गरिएको हुँदा बढी जनसम्पर्क हुने कार्यालयहरुमा समेत प्रचार प्रसार र जानकारीको लागि सूचना टाँस गर्ने व्यवस्था भए अनुसार तहाँ कार्यालयको सूचना पाटीमा पनि यसै पत्र साथ संलग्न सूचना टाँसेर सहयोग गरिदिनु हुन अनुरोध छ । साथै तहाँ पालिका मातहतका वडा कार्यालयहरुमा पनि सूचना टाँस गर्न पत्राचार गरि सहयोग गरिदिनु हुन अनुरोध छ ।

गुमी देवी शर्मा
(कार्यालय प्रमुख)
कार्यालय प्रमुख

निसीखोला गाउँ कार्यपालिकाको कार्यालय
दर्ता नं.:- २९० 
मिति :- 2066/09/29

प्रदेश सरकार

फोन.नं.०६८५२०१२३

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

# घरेलु तथा साना उद्योग कार्यालय

गण्डकी प्रदेश,बागलुङ

## प्रविधि(मेशिन उपकरण) हस्तान्तरण सम्बन्धी प्रस्ताव आह्वान गरिएको सूचना

दोस्रो पटक प्रकाशित मिति २०७७।०९।२१

यस कार्यालयको लागि चालु आ.व. २०७७।२०७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार दलित, विपन्न तथा परम्परागत सिप भएका उद्यमीहरुको व्यवसायीक विकासका लागि उपकरण तथा प्रविधि लिन चाहाने व्यक्तिहरुको लागि प्रथम पटक मिति २०७७।०८।१० मा १५(पन्ध्र) दिने सूचना प्रकाशन गरिएकोमा सो समय भित्रमा न्यून सख्यामा आवेदन परेकोले पुन १५ दिन थप गरी मिति २०७७।१०।०६ सम्म म्याद थप गरिएको छ। प्रविधि प्राप्त गर्न ईच्छुक व्यक्तिहरुले गण्डकी प्रदेश लघु घरेलु तथा साना उद्यमी प्रविधि मेशिन उपकरण हस्तान्तरण मापदण्ड २०७७ को अनुसूची १ को ढाँचामा तोकिएको म्याद भित्र कार्यालय समयमा यस कार्यालयमा निवेदन दर्ता गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ। निवेदन फारम यसै कार्यालयबाट उपलब्ध गराईने छ।

उद्योगको प्रकृति आवश्यकता र उद्योगबाट सृजना हुने रोजगारीका आधारमा प्रति उद्यमीलाई बढीमा रु २ लाख रुपैयासम्मको प्रविधि उपलब्ध गराईने छ। उपलब्ध गराईने प्रविधिको कूल लागतमा लक्षित समूह( कुमाल दलित) को हकमा २० (बीस) प्रतिशत र अन्यको हकमा ५० (पचास) प्रतिशत रकम उद्यमी स्वयले व्यहोर्नु पर्नेछ।

संलग्न गर्नुपर्ने कागजातहरु

१.उद्योग दर्ता/ नवीकरण प्रमाणपत्र

२. PAN दर्ता र कर चुक्ता प्रमाणपत्र (गत आ.व. को)

३. उद्योगको व्यवसायीक योजना (स्कीम)

४. अनुभव तथा तालिमका प्रमाणपत्रहरुको प्रतिलिपि

५. लक्षित समूह (दलित, कुमाल) र विपन्नको लागि सो खुल्ने प्रमाण पत्रको प्रतिलिपि

नोट: सम्बन्धीत उद्योगको प्रवर्द्धन/स्तरोन्नती गर्नका लागि कुनै १ एक प्रविधि मात्र माग गर्नुपर्नेछ। एक पटक प्रविधि हस्तान्तरण गरिएका उद्यमीहरुलाइ ३ वर्ष व्यतित नभै पुन प्रविधि हस्तान्तरण गरिने छैन। थप जानकारीका लागि कार्यालयको सम्पर्क नं. ९८५७६२११२३ वा ९८४७६२९०३१ मा सम्पर्क गर्नुहुन अनुरोध छ।

०७७।०९।२१

कार्यालय प्रमुख

कार्यालय प्रमुख

घरेलु तथा साना उद्योग कार्यालय, बागलुङ

" स्वच्छ र सक्षम निजामती प्रशासनः समृद्धि र सुशासन"